बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, नेपाल

प.स.: २०७९/०८०
चं.नं.:

मितिः २०७९/१०/२९

# न्यूनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन दिने वारेको सूचना!

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (दोस्रो संसोधन २०७८)को दफा १८, युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६, रोजगारीको हक सम्वन्धि ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्वन्धी नियमावली, २०७५ को नियम ७ बमोजिम आगामी **आर्थिक वर्ष २०८०/०८१** मा यस नगरपालिकामा रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यूनतम १०० दिनको रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका कार्यमा योगदान गर्न ईच्छुक **१८ देखी ५९ उमेर सम्मका** बेरोजगार व्यक्तिहरुले **२०७९ फाल्गुन मसान्त सम्ममा** आफू स्थाई वसोवास गरेको वडा कार्यालयमा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (दोस्रो संसोधन २०७८) को अनुसूची १ (संसोधित निवेदन) बमोजिम बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन रितपुर्वक निवेदन दिनुहुन सम्वन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

निवेदन फारम वडा कार्यालय, बेनी नगरपालिकाको वेवसाईट www.benimun.gov.npतथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाईट www.pmep.gov.npवाट प्राप्त गर्न सकिनेछ ।साथै निवेदन साथ तपसिलका विवरणहरु अनिवार्य समावेश गर्नुपर्नेछ ।

**तपसिलः**

१. निवेदकको हाल सालै खिचेको PP size को फोटो १ प्रति ।
२. निवेदक र नागरिकता प्राप्त गरेका परिवारका सदस्यहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि आवश्यकता अनुसार बसाईसराई, विवाह दर्ताको प्रतिलिपि ।
३. न्युनतम एक सय दिनको रोजगारि वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आय ( चालु आर्थिक वर्षको सन्दर्भमा रु ५७,७००।-) भन्दा कम आय भएको हुनुपर्ने ।
४. निबेदन फारममा उल्लेखित पारिवारिक विवरण, पारिवारिक आय, परिवारका कुनै सदस्यको सामाजिक सुरक्षा कोष वा अन्य सुरक्षा कोषवाट आर्थिक सुविधा लिइरहेको / नरहेको अनिवार्य उल्लेख हुनुपर्नेछ ।
५. गत आ.व. हरुमा निवेदन दिएका व्यक्तिहरुले पुनः निवेदन दिनुपर्नेछ।रितपुर्वक विवरण नभरिएका कागजात नपुगेका र वडावाट प्रमाणित नभएका निवेदन EMIS मा सूचीकृत हुने छैनन्।

*थप जानकारीका लागि सम्वन्धित वडा कार्यालय वा बेनी नगरपालिकाको रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहुन अनुरोध छ ।*

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

फोन नं-०६९-५२१०९५/५२०१२०फ्याक्स नं. ०६९-५२१०९५वेबसाइटः www.benimun.gov.np
इमेलः info@benimun.gov.np, benimunicipality@gmail.com फेसबुकः www.facebook.com/beninagarpalika